Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ९ ❑ अंक १ २०७७ श्रावण ४ गते आईतवार Sunday 19, JULY, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## प्रदेश १ सरकारद्धारा ८८ खेलाडीहरुलाई सम्मान तथा पुरस्कार प्रदान

विराटनगर । प्रदेश नं. १ सरकारले दक्षिण एसियाली खेलकुदमा प्रदेश नं. १ वाट विजेता खेलाडीहरुलाई नगद र प्रमाण पत्रवाट सम्मान गरिएको छ ।

आर्थिक वर्षको अन्तिम दिनमा दक्षिण एशियाली खेलकुदमा स्वर्ण पदक, रजत पदक र कास्य पदक विजेता खेलाडीहरुलाई प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राई, सामाजिक विकास मन्त्री जीवन घिमिरेले सम्मान गरिएको छ ।

एकल तर्फ स्वर्ण पदक पाउने ६ जना, एकल तर्फ रतज पदक पाउने ४ जना र एकल तर्फ कास्य पदक पाउने १० जना गरी जम्मा २० जना र टीम तर्फ स्वर्ण पदक विजेता, १५ जना, रजत तर्फ २२ र कास्य तर्फ ४१ जना गरी जम्मा ७८ जना गरी जम्मा ९८ पदक विजेता रहेकोमा दशवटा पदक दोहरीएकोले ८८ जना खेलाडी हरुलाई नगद रकम वैक खातामै हालिएको थियो । सम्मानपत्रमात्र आज प्रदान गरिएको छ ।


आषाढको अन्तिम दिन खेलाडीहरु सम्मान पाएपछि प्रदेश नं. १ का मुख्य मन्त्री शेरधन राई र सामाजिक विकास मन्त्री जीवन घिमिरेसंग सामूहिक तस्वीर खिचाउदै । तस्वीर : श्याम सुन्दर सतिहार

एकल तर्फ स्वर्ण विजेता खेलाडीलाई ३ लाख, रजत पदक विजेता खेलाडीलाई २ लाख र कास्य पदक विजेता खेलाडीलाई १ नगद प्रदान गरिएको छ ।

त्यसैगरी टीम र्तर्फ स्वर्ण पदक रु. ३ लाखलाई आधार मानेर खेलाडी संख्याको आधारमा टीममा स्वर्ण पदक पाउने खेलाडीलाई वढीमा रु. १ लाख र कम्तिमा ७५ हजार ५ सय रहेको छ ।

एकल तर्फ टिम रजत पदक रु. २ लाखलाई आधार मानी खेलाडी संख्याको आधारमा रजत पदक पाउने

वांकी अन्तिम पेजमा...

## धम्की दिई जबरजस्ती करणी गर्ने पक्राउ

विराटनगर । दुई जना युवतीहरुलाई मारी दिन्छु भन्दै धाकधम्की दिदै कोठा भित्र बोलाई जबर जस्ती करणी गर्ने र मतियारहरुलाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार २०७६ साल फाल्गुन ३ गते बेलुकी जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. १२ बखरीका ५० वर्षिय नयन श्रेष्ठले विराटनगर विराटनगर महानगर पालिका वडा नं. ३ मुनालपथमा रहेको काठमाण्डौ सेक्यूरिटी कार्यालयमा विराटनगर (क-ख) लाई कोठा भित्र बोलाई लगी कोठा बन्द गरी कराई भने मारी दिन्छु भन्ने जस्ता धम्कीपूर्ण कुरा गरी करकापमा पारी जवरजस्ती करणी गरेका थिए ।

त्यसै गरी श्रेष्ठको भाई नाता पर्ने सोही ठाउँ बस्ने ४० वर्षिय ज्योती श्रेष्ठले मेरो दाजुले करणी

वांकी अन्तिम पेजमा...

## रेल मार्ग विस्थापित गर्न संघर्ष समितिद्वारा ज्ञापनपत्र

हिरालाल साह

बिराटनगर । मेचीमहाकाली रेलमार्ग अन्तरगत काकडभिट्टा इनरुवा खण्डको रेलमार्ग निर्माणमा प्रभावित बेलबारी नगरपालिका क्षेत्रका जनताहरुले मोरङको प्रमुख जिल्ला अधिकारीलाई कार्यालय परिसरमा ज्ञापनपत्र बुझाएका छन ।

प्रमुख जिल्ला अधिकारी मार्फत रेलमार्गमा पर्ने जग्गा, घरटहरा, बोटबिरुवा आदिको मुआब्जा नपाएकोले बेलबारी नगर पालिकाका रेलमार्ग बिस्थापित समन्वय तथा संघर्ष समितिले क्षतिपूर्ति उपलब्ध गराउन माग गरेको छ ।

नेपालको राष्ट्रिय बिकासको मेरुदण्डको रुपमा लिइएको मेची देखि महाकाली रेलमार्ग राष्ट्रिय गौरवको आयोजना रहेकोमा हामी बेलवारी नगरपालिकाबासी गौरवान्वित भएपनि मुल्यांकन समितिले स्थलगत अध्ययन बिनै जग्गा अधिग्रहण गरि उचित क्षतिपूर्ति उपलब्ध बिना रेलमार्ग निर्माण प्रक्रिया अगाडी बढाएकोले सङ्घर्ष समिति बनाएर आगाडी बढनुपर्ने बाध्यता भएको संघर्ष

वांकी अन्तिम पेजमा...

## लोपोन्मुख वनजन्तु 'सुन गोहिरा'प्रहरीद्धारा गायब

पथरी । इलाका प्रहरी कार्यलय पथरीले पक्राउ गरेको लोपोन्मुख प्रजातीको सुन गोहोरो र टोके टोके गायव गरेको छ ।

पछिल्लो समयमा घरायसी झगडामा ५ हजार घुस माग्ने देखि प्रहरीको विरुद्ध बोल्दा कुटपिट गर्ने, मलामी गएर फर्किएकालाई सार्वजनीक स्थानमा कुटपिट गर्ने, घरमा बसेका विद्यार्थीलाई जवरजस्ती बाटोमा ल्याएर कुटपिट गरि उठबस गराउने लगायतका घटनामा विवादित बनेको इलाका प्रहरी कार्यालयले लोपोन्मुख सुन गोहोरो र टोके टोकेका विषयमा फरक फरक कुरा गरेको छ ।

मोरङ्गको पथरीशनिश्चरेमा प्रहरीले मोटरसाइकल चोरी गरि विक्रि गर्ने ४ जना गिरोह र १ जना मोटरसाइकल ग्यारेजका संचालक र कामदारलाई पक्राउ गरेको छ । प्रहरीले असार ३१ गते उनीहरुले चोरी गरेको मोटरसाइकल सहित ६ जनालाई पक्राउ गरेको छ । उनीहरुवाट लोपोन्मुख प्रजातिका वन्यजन्तु सुन गोहोरो र टोके टोके वरामद गरे पनि त्यसलाई भने प्रहरीले लुकाएको छ ।

मोटरसाइकल चोरी गरि फरार रहेकावाट प्रहरीले वरामद गरेको लोपोन्मुख वन्यजन्तु सुन गोहोरो र टोकेटोके सव डिभिजन कार्यालय पथरीमा वुझाएको छैन । वन्यजन्तु चोरी र शिकारी गरि सोको कारोवारमा संलग्न भएका आशंका गरिए पनि उनीहरुलाई मोटरसाइकल चोरीको आरोप मात्र लगाइएको छ ।

मोटरसाइकल चोरी गरि नम्वर प्लेट परिर्वतन गरेको आरोपमा दमक झापाका वेण्डम विक, पथरीशनिश्चरे ४ का मिलन खतिवडा, अनुप जोगी र विनोद जोगी, रतुवामाइका अभि हस्दा र सकल हेमरमलाई प्रहरीले नियन्त्रणमा लिएको इलाका प्रहरी कार्यालय पथरीका प्रमुख प्रहरी नायव उपरिक्षक दिलिप गिरीले जानकारी दिएको छ ।

हेमरम पथरीशनिश्चरे वडा नं. ९ पुलचौकमा मोटरसाइकल ग्यारेज संचालक हुन भने हस्दा सोहि ग्यारेजमा कार्यरत मजदुर हुन । विहिवार अन्य ४ जनालाई खतिवडाको घर पथरीशनिश्चरे वडा नं. ४ नयाँ सोमवारेवाट नियन्त्रणमा लिएको हो ।

वांकी अन्तिम पेजमा...

## ज्यान मुद्दाका फरार प्रतिवादी चौधवर्ष पछि पक्राउ

झापा । जिल्ला प्रहरी कार्यालय झापाले कर्तव्य ज्यान मुद्धाका फरार प्रतिवादीलाई १४ बर्ष पछी पक्राउ गरी सार्वजानीक गरेको छ ।

२०६३ चैत २४ गते तत्कालिन टागनडुब्बा गाउ बिकास समिती( वडा नं. ९ का २३ बर्षीय नत्थु बिश्वकर्माको हत्यामा संग्लग्न रहेको थियो ।

तत्कालिन मेचीनगर नगरपालिका वडा नं. ८ का ४१ बर्षीय बौदल लामगाधे बि.क. भनिने पुण्य प्रसाद बिश्वकर्मालाई आज झापाको ईटाभट्टाबाट पक्राउ गरिएको छ । पक्राउ परेका बिश्वकर्माको सम्बन्धमा थप अनुसन्धान तथा कानूनी कारवाही प्कृया अगाडी बढाईएको जिल्ला प्हरी कार्यालय झापाले जनाएको छ ।






Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## प्रदेश १...

खेलाडीलाई रु. १ लाख र कम्तिमा रु. ६० हजार प्रदान गरिएको छ । एकल तर्फ कास्य पदक रु १ लाख लार्य आधारमानी खेलाडी संख्याको आधारमा कास्य पदक विजेता खेलाडीलाई वढीमा रु ५० हजार र कम्तिमा रु. ४१ हजार प्रदान गरिएको छ ।

खेलाडीहरुको सम्मानको लागि यस आर्थिक वर्षमा रु ८० लाख खर्च गरिएको प्रदेश नं. १ को सामाजिक मन्त्रालयले जनाएको छ ।

## लोपोन्मुख...

सो विषयमा प्रहरी नायव उपरिक्षक गिरीले सानो एउटा प्राणी वरामद भएपनि प्रहरी कार्यालयवाटै सो गोहोरो फुत्किएको प्रतिक्रिया दिए । यता सव डिभिजन वन कार्यालय पथरीका प्रमुख अलाउद्धिन अन्सारीले जुन सुकै वन्य जन्तु भए पनि वन कार्यालयमा वुझाउनु पर्ने नियम भएकाले प्रहरीले सो वन्यजन्तु पनि वन कार्यालयमा वुझाउन पर्ने वताउछन ।

इलाका प्रहरी कार्यलयमा बुझदा कुनै पनि बन्यजन्तु पक्राउ नभएको जानकारी प्रहरी नायव उपरिक्षक गिरीले दिएको अलाउदिनले बताएका छन । तर यता स्थानयिले भने लोपोन्मुख प्रजातीको वन्यजन्तु सहित चोरीमा संलग्न गिरोह प्रहरीलाई बुझाएको बताउछन ।

दमक बजारबाट हराएको मोटर साईकलको खोजी गर्दै जाँदा पथरीशनिश्चरे पुलचौकमा फेला परेको थियो भने पथरीशनिश्चरे १० का वडाध्यक्ष सागर राईको सहयोगमा चोरीमा संलग्न गिरोह पक्राउ परेको थियो ।

वडाध्यक्ष राईले प्रहरीलाई लोपन्मुख प्रजातीका सुन गोहोरो र टोके टोके प्रहरीलाई बुझाएका थिए । राईले प्रमाणको लागि भिडियो गरे पनि प्रहरीले भने मान्छे पिछे फरक फरक कुरा गर्ने गरेको छ ।

वन कार्यलयलाई कुनै जिवजन्तु पक्राउ नगरेको भने पनि वडाध्यक्षले प्रहरीलाई बुझाउदै गरेको भिडियो सार्वजनीक भएको छ । प्रहरी नायव उपरिक्षक गिरी संग बुझदा वनमा छोडेको बताएका छन । प्रहरीले विना मुचुल्का र विना रोहवरमा लोपोन्मुख जिवजन्तु छोड्नुले प्रहरीमाथि शंका उब्जीएको छ ।

## धम्की...

गरेको भिडियो मैल खिचेको छु अव दाजुले जे भन्नु हुन्छ सबै मान्नु भनेको र नयन श्रेष्ठको श्रीमती बर्ष ४५ की रसिला श्रेष्ठ समेतले २०७७ साल असार १२ गते शुक्रबार बेलुका बोलाई तिमीलाई भिडियो चाहिएमा तिम्रो घरजग्गा तुरून्त पास गर नत्र हामीलाई १० लाख दिनु समेत भनेको थियो ।

ती घटनाका प्रतिवादीहरूलाई आषाढ २८ गते पक्राउ गरी मुलुकी फौजदारी कार्यबिधि संहिता २०७४ अन्तर्गत कारवाही प्रकृया अगाडी बढाईएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## रेलमार्ग...

समितिका संयोजक महानन्द पोखेलले बताए ।

ज्ञापनपत्र मार्फत रेलमार्ग बेलवारि नगरपालिका भित्री भाग वडा नम्बर ९ र १० का १ सय २५ घर परिवार बिस्थापित हुने भएकोले बिस्थापित परिवारलाई उचित बसोबासको ब्यवस्थापन गरि चलनचल्तीको मूल्यमा घर, जग्गा, टहरा र अन्य संरचना समेतको उचित मुल्यांकन गर्नुपर्ने, नयाँ नक्शा र साविक नक्शामा हालका कित्ता नम्बरको नयाँ कित्ता नम्बरको अनुसार पुनः सुचना प्रकाशित गर्नुपर्ने, रेल्वे निर्माण गर्दा टुक्राटुक्रा जग्गाहरु उपभोग बिहिन हुने भएकोले सो टुक्राटुक्रा जग्गाको पनि क्षतिपूर्ति पाउनुपर्ने माग समितिले गरेको छ ।

मोरंगका प्रमुख जिल्ला अधिकारीले ज्ञापनपत्र बुझ्दै संबंधित निकायमा जानकारी पठाइने र उचित क्षतिपूर्तिका लागि सबै मिलेर छलफलबाट निष्कर्ष निकालिने बिश्वास दिलाएका थिए ।

## समानता...

अंगीकृत नागरिकता दिने गरी नागरिकता ऐनमा संशोधन गर्ने प्रस्ताव प्रतिनिधि सभाको राज्यव्यवस्था समितिबाट पारित भएको छ ।

कांग्रेसले नागरिकता ऐनको संशोधन संविधानमा उल्लेख भएको संघीय कानून बमोजिम नभएको भन्दै यसलाई असंवैधानिक र संविधान नै संशोधन गर्ने प्रयास भनेको छ । विपक्षी पार्टीहरु राजपा, समाजवादीले पनि यसको विरोध गरे ।

राज्यव्यवस्था समितिले आइतबार विधेयकमा अंगीकृत नागरिकता नपाञ्जेल विदेशी महिलालाई स्थायी बसोबास अनुमति पत्र दिने प्रस्ताव पनि ल्याएको छ । यसले राजनीतिक र सरकारी नियुक्ति जागिरबाहेकका विभिन्न ७ वटा अधिकारको व्यवस्था गरेको छ । यो प्रावधान पनि पारित भएको छ । अंगीकृतबाहेक राज्यव्यवस्था समितिले अन्य प्रस्तावहरु बहुमतले पारित गरेको छ ।

प्राप्त अधिकारलाई निरन्तरता दिने कि दिइएको अधिकार पनि खोस्ने ? विभेदकारी यो प्रावधानलाई राजपा नेपालले 'संवैधानिक पदहरुमा मनोनित वा निर्वाचित हुने प्रावधान अन्तरिम संविधानको व्यवस्था अनुरुप हुनु पर्छ "भन्दै आएको छ ।

संविधान संशोधनको प्रमुख बाधक ओलि, प्रचण्ड र तिनका मतियारहरुको रवैया मधेसको हितमा छैन । न त देशकै हितमा छ । नेपालमाथि जति हक एउटा पहाडेको छ, त्यति नै हक मधेसीको छ । नेपाललाई जति माया एउटा पहाडेलाई छ, त्योभन्दा बढी माया मधेसीलाई छ । आफ्नै देशभित्र विदेशीको आरोप खेपेर बाँच्न विवश मधेसी समुदायको माग, अधिकार र पहिचानसँग खेलाची बन्द गर्नुस् । किनकि, मूल एजेन्डा संविधान संशोधन हो । हुँदै नभएको नयाँ नयाँ बखेडा झिकेर संशोधन तुहाउने दिवास्प्न कसैले नदेखे हुन्छ ।

# तराई मधेशमा हरियाली वन विकास

बिराटनग । तराई मधेस हरियाली वन विस्तार कार्यक्रम अन्तर्गत एक जिल्ला पाँच प्रजाती, एक घर ५ बिरुवा, सबै गाउँमा हरियाली, एक वडा एक वन, एक नगर अनेक उद्यान, निजी वन विकास तथा प्रोत्साहन र प्रचार प्रसार गर्न जोड दिनुपर्ने डिभिजन वन कार्यालय मोरङ अधिकृत बिशाल घिमिरेले बताउनुभयो ।

उक्त कार्यक्रमहरु सञ्चालनका लागि सरकारी, गैरसरकारी, सामुदायिक तथा निजी क्षेत्रसँग सहकार्य गर्छौं,' उहाँले भन्नुभयो, 'यसले वनजन्य उत्पादनमा वृद्धि, रोजगारी सृजना, वन पैदावारको सहज आपूर्ति, स्थानीय समुदायको जीविकोपार्जनमा सुधार, तथा हरियाली प्रवर्द्धन हुने अपेक्षा छ ।'

स्थानीय तह स्थित नदी उकास क्षेत्र, पर्ति, ऐलानी, सार्वजनिक जग्गा तथा खेती नगरिएको निजी जग्गाहरुमा वृक्षारोपण गरेर वन विकास गरेर हरियाली प्रवर्द्धन गर्ने लक्ष्य रहेको सूचना अधिकारी राम लखन ठाकुरले बताउनुभयो । तराई मधेस हरियाली वन विस्तार कार्यक्रम स्थानीय तहहरुको सहकार्यमा गरिने बताउनुभयो । 'चालू आर्थिक वर्षमा बिरुवा उत्पादन गरेर आउँदो आर्थिक वर्षबाट बिरुवा वितरण गरेर वृक्षारोपण गरिन्छ,' ठाकुरले भन्नुभयो, । 'जिल्लामा ८ लाख १ वर्षे र बहुवर्षे बिरुवा उत्पादन गरेर स्थानीय तहहरुलाई वितरण गरिसकेको बताए ।

आ.ब.२०७६/०७७ मा ९ लाख ३० हजार बिरुवा उत्पादन गरेको र ११८ हेक्टर जग्गामा तराई मधेस हरियाली बिकास (बन दशक कार्यक्रम) मार्फत १६ वटा स्थानीय तहहरुमा बृक्षा रोपन गरिएको छ । मोरङ्को १७ वटै स्थानीय तह बमोजिम निजि वन ७ सय ६० हेक्टरमा ६ सय १८ निजि वनमा ८ लाख ९३ हजार १ सय ३३ रुख रहेको तथ्यांक छ । यसैगरी विभिन्न नर्सरीहरु संग ३ लाख ४० हजार बिरुवा उत्पादन गर्ने सम्झौता गरेको जुन सेवाग्राहीले सुबिधाअनुसार पायक पर्ने ठाउँबाट बिरुवा लिन सक्छन् ।

वि.स. २०३३ सालमा राष्ट्रिय वन योजना लागु भएपछि स्थापना भएका ४० वटा वन डिभिजन कार्यालय मध्ये मोरङ्ग वन डिभिजनको नामबाट यस जिल्लाको वनजंगल संरक्षण तथा सम्बर्द्धन हुदै आएको र २०४० सालमा जिल्ला वन कार्यालय स्थापना भएको थियो । जिल्लाको कुल भुभागको २९.९२ प्रतिशत क्षेत्रफल (५५,५०० हेक्टर) वनक्षेत्रले ओगटेको यस जिल्लाको मुख्य प्राकृतिक श्रोतको रुपमा वनलाई लिन सकिन्छ । प्रदेश १ को कुल २६ लाख ४२ हजार ३ सय १० हेक्टर क्षेत्रफल मध्ये ४४ दशमलव ४३ प्रतिशत वन क्षेत्र रहेको छ ।






**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरु:**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल**

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

**हाम्रो सेवाहरु :-**

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक

प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## सम्पादकीय

### मल अभावले किसानलाई सास्ती

नेपाल एक कृषि प्रधान देश हो । यहाका ८५ प्रतिशत मानिस कृषि पेशामा आधारित रहेका छन् । कुनै वेला नेपालले निर्यात गर्ने खाद्यान वस्तु अहिले नेपालले अन्य देशवाट आयात गरि रहेका छन् । यसको मुख्य कारण भनेको सरकारी संयन्त्र नै हो । किसानले वेलामा खेत गर्नका लागि मलको अभावका कारण खेतीलाई वाझो राख्ने अवस्था सृजना हुन्छ । अहिलेकै कुरा गर्ने हो भने किसानलाई चाहिएको मलहरुमा नै ठेक्कादारी प्रथाले कृषि सामग्री लिमिटेड र साल्ट ट्रडिङ्ग लिमिटेडले आर्थिक हिनामिना हुने गरी कृषि मलको अभाव सृजना गरी कृषकवाट बढी रक असुल्ने समेत गरेकोले यसवाट किसानलाई थप सास्ती भोग्नु परेको छ । मलको अभावमा खेती जमीन वाझो रहदा यसको जिम्मेवारी सरकारले लिनु पर्दछ । त्यसै गरी प्रधानमन्त्री कृषि योजना कार्यक्रम अन्तर्गत करौडौ रकम खर्च गरेको छ । उपलब्धी शुन्य छ ।

प्रधान मन्त्री कृषि योजना अन्तर्ग सुविधा लिने भनेको नक्कली किसान राजनैतिक दलका कार्यकर्ता र जिमिन्दारहरु नै रहेको छ । असली किसान सम्म कार्यक्रम पुग्न पनि सक्देनन् । सक्कली किसानलाई प्रधानमन्त्री कृषि कार्यक्रम बारे जानकारी समेत रहेको छैन । प्रधानमन्त्री कृषि कार्यक्रमका योजनाहरु तल्लो तहको कृषक समूहसंग पुग्न आवश्यक छ । यसको लागि सरकारले आफ्नो नियतलाई सफागरी कृषिहरुको कार्यक्रममा कुनै किसिमको कालो वजारी हुनु हुँदैन । कालो बजारी रोक्न सरकारी स्तरमै नैतिकता ठीक रहेका कर्मचारीवाट अनुगमनको व्यवस्था हुनु पर्छ । कृषिमा यदि कहि कतैवाट कालोवजारी गरेको ठहरे कालो वजारी गर्नेलाई समाजिक रुपमा वहिस्कार र सार्वजनिक ठाउंका कानुनी कारवाही हुन पर्दछ ।

कृषकहरुले समयमा मल, खाद, बिउ, विजन लगायतका पाएमा नेपालमा कृषि उत्पादन पक्कै बढ्ने छ । यदि कृषि उत्पादन बढाउन सकेमा नेपाल देश आफैमा आत्मनिर्भर वन्न सक्छ । कृषि पेशालाई आधुनिकी करण, व्यवसायी कारण र बजारीकरण गरेमा नेपाली यूवाहरु देश छोडरे विदेशिनु पर्दैन । आफ्नै देशमा यूवा शक्तिलाई राजगारीमा लगाउन सकेमा देशको अर्थतन्त्र बलियो भई देश विकासको वाटोमा लम्कीन्छ । यसका लागि नेपालका राजनीतिक दलका नेताहरुले कृषिमा गरिएको कालोवजारीलाई त्याग्नु पर्दछ । कृषि योजनाहरुको अनुगम गरी कालो बजारी गर्ने गिरोहलाई समाजिक वहिस्कार गरी सार्वजनिक रुपमा कानुनी कारवाही गरेमा मात्र कृषिपेशमा आकर्षण पक्कै वढ्ने छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : आफन्त जनसंग खटपट मनमुटाउ गराउने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)**:मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)**:परिवारिक चिन्ताले सताउने योग रहेको छ। भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू)**: आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)**:महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द)**:सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)**:शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नैछ।

# गणतन्त्रले भ्रष्ट र भ्रष्टाचारलाई संरक्षित गर्‍यो

**डा. मनोज मुक्ति विवेक**

बिगत केही महिना देखि सम्पूर्ण मानबजातिलाई नै कोरोना महामारीले लकडाउन बनाएको देखिन्छ । सिंगो विश्व अक्रांत बनेको छ। मानव सभ्यता नै समाप्त हुने हो कि आशंका उब्जिएको छ । लाखौं मानिस संक्रमित बन्न पुगेका र मरेका छन । विश्व अर्थतन्त्र धाराशायी बनेको अवस्था छ। सधै चलायमान रहने विश्व अहिले कोरोना भाइरसको कारण शान्त, स्थिर र लकडाउन भएको छ। संसारको अधिकतम देशमा लकडाउन छ र मानव मानवको अस्तित्व बचाउन संघर्षरत छन । अत्याधुनिक हाथ( हतियार, रासायनिक र परमाणु बम, फाइटर जहाज र क्षेपयास्त्रहरू कोरोना संग को लडाइँमा उपयोगी छैनन् । यी मानव बिनाशक अस्त्रहरू प्रयोग गरि मानवलाई बचाउन सकिदैन। बिज्ञानले मानव बिनाशक अस्त्रहरू धेरै बनाए पनि मानव बचाउने अस्त्र बनाउन खासै सफलता प्राप्त गर्न नसकेकै देखयो कोरोनाले । आधुनिक समयमा बिज्ञानले फड्को मार्यो भनेर भनिन्छ तर बिज्ञान पनि ज्ञानको अभावले पछि परेको जस्तो देखिन्छ । र हाम्रो देश नेपाल त सबभन्दा अनौठो कोरोना उपचार प्रणाली विकसित गरेको देखिन्छ र त्यो हो "एयष्तिष्अर्बा ख्च्चययिनथ"। खै हाम्रा प्रधानमन्त्री र राष्ट्रपतिले सम्मानित संघीय संसदमा त्यस्तै त्यस्तै हुकुम बकस भएको सुनियो त ?

परापूर्व काल देखि आधुनिक कालसम्म मानव सभ्यतामाथी धेरै प्रकारका भाइरसको आंधीहरू आए । सन १३४७ मा आएको "द ब्लेक डेथ" महामारीले लगभग २०० मिलियन मान्छे मार्यो । सन १९६८ मा आएको "हंकंग फ्लू" ले लगभग ४ मिलियन मान्छे मार्यो र सन १९१८ मा आएको "स्पेनिस फ्लू" ले लगभग २ करोड भन्दा बढी मान्छे मरे । तरपनी मानवले केही सिकेन्न । शक्ति र शक्तिशाली बन्नैको लागि अरबौं खरब को लगानीमा केबल मानव बिनाशक साधन नै बनाए । मानवताको ठिकेदारहरू सजग र सचेत बन्न सकेन्न । आफ्नो फाइदाका लागि विभिन्न बहानामा केवल युद्ध केन्द्रित नीति बनाइ युद्ध लडे । आज अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मुल्य शुन्य छ । सुन मुल्यहिन बन्नेछन । दिनरात मानवताको पाठ पढाउनेहरू अचानक मानवता खतरामा परे भन्ने बचाउन कुनै खास योजना र औसधि बनाउन सकेन्न र बनाउन प्रोत्साहित पनि गरेन्न । जसको परिणाम आज कोरोना नामक महामारीबाट विश्वको शक्तिशाली रास्ट्रको अवस्था पनि दैनिय बनेको छ । लाखौं मान्छे मरेका छन र सायद करोडौं मर्ने छन। सबै छट्पटीएका छन तर कुनै औसधि छैन । बम(बारूद र हात(हतियार बेकामका सामग्री ( धबकतभ ुबतभचष्बकि) साबित भएका छन । कोरोना फैलाएको आरोप(प्रत्यारोप चलिरहेको छ । तर अहिलेसम्म कसैले पनि यसको अचुक औसधि बनाउन सकेको छैन । कोरोना जसले र जहाँबाट फैलाएरफैलिए पनि अहिले यसको औषधि पता लगाउनु नै मुख्य कर्तव्य हो। अनावश्यक टीका टिप्पणी र बैरभाव त्यागेर एकजुट भएर कोरोनाको औसधि पता लगाउनै पर्छ नत्र परिणाम दुस्खद नै हुनेछ । स्लो बिष जस्तो रहेको यो कोरोना भाइरस छिटै नै मानव र मानवतालाई नै समाप्त गर्न सक्छ ।

आफ्नै देश नेपाल्को अबस्था हेर्दा लाग्छ सायद सरकार नै छैन । ईश्वरको नाममा सपथ नखाने गणतन्त्रवादीहरूले जनतालाई भगवान पशुपतिनाथ र रामजानकी को कृपाको छायामा राखेको जस्तो देखिन्छ । कोरोनाको बिरामी प्रत्येक दिन बढी रहेका छन् । बिरामीको मृत्यु सम्म भएको छ। देशमा लकडाउन थपेको थपियै छ। र सरकारहरू द्धरछ जनाको परिवारमा द्दणरघण किलो चामल बितरण गरेर दंग छन । हरेक नेपालीले साधारण मास्क पनि पाउन सकेका छैन्न तर तीनै तहका सरकारको करोडौं करोडको बजेट सकिएको छ रे ? कोरोना महामारीको कारण किसान लगायत साना ब्यापारी देखि ठुला ब्यापारीहरू पनि प्रभावित बनेका छन र सरकारी राहतको प्रतीक्षामा बसिरहेका छन तर सरकारहरू खुन चुस्ने नीति कार्यक्रमहरू उच्चारण गरिदै मख्ख छन। जनतालाई के खाने पिर छ तर सरकारलाई पानी जहाज र रेल गुडाउने रहर छ । कोरोना महामारीको संकटको बेला पनि सरकार जनताको हुन सकेको छैन । आम जनतालाई केन्द्रित गरि नीति र कार्यक्रम किन बनाउन सकेन ? अब हुने भोकमरी र संकटको बिषयमा सरकारले आफ्नो मुख बन्द गरेर देशलाई अंध्यारोमा कुदाइरहेको देखिन्छ । देश बिकास र समृद्धिका झूठा नारा दिई गणतन्त्रको आयु मात्र लम्ब्याउने असफल प्रयास गर्न खोजिदैछ । भनिन्छ, आँखालाई परेलाको बोझ हुँदैन तर गणतन्त्रको लचार सरकारलाई अब जनता बोझ लाग्न थालेको छ। स्वास्थ सुबिधा र स्वास्थ्यकर्मीलाई उच्च प्राथमिकता र उच्च मनोबल दिनु पर्ने ठाउँमा सरकार चुप छ। गुणस्तरीय खाना र स्वास्थ सुबिधा माग्ने आज सरकारको शत्रु हुन । मतलब गणतन्त्रमा नेपालीको जिवनमा गुणात्मक परिवर्तन सम्भव छैन ।

सुन्दर, शान्त र संसारको एकमात्र हिन्दु देश नेपाललाई बिदेशीहरूको इशारामा गणतन्त्रको नाममा रक्तपात गरियो। सुन्दर र शान्त देशलाई कुरूप बनाइयो । नेपाल र नेपालीको एकता र समृद्धिको स्तम्भलाई नै भत्काइ एकलौटी रजाइँ गर्ने नश्लीय सोंचका साथ गणतन्त्रको स्थापना गरिएको देखियो । देश नै बनाएको र सदैब देश र जनताको रक्षाको जिम्मेवारी लिएको राजा र राजपरिवारलाई निशेध गरियो तर गणतन्त्रको अनुयायीहरू सत्तामा पुग्ने बितिकै हिटलरवादी सोच र रबैयाबाट आफुलाई बचाउन सकेन्न । हृदय सफा नभए पनि सफा र सेतो पोशाक लगाइ कुकर्महरू गरिरहेको छर्लङ्ग नै छ । आज देशको जनताले एउटा राजा र एउटा कुकर्मी, भ्रष्ट नेता बिचको अन्तर राम्ररी बुझ्न थालेका छन । त्यसैले गणतन्त्र अब केही दिनको पाहुना जस्तो भान हुँदैछ । यो अवैज्ञानिक असमावेशी संघीयता बोझ बनिसकेको छ र धर्मनिरपेक्षता गन्हाउन लागेको छ ।

कोरोना भाइरस कै समगोत्री गणतन्त्र नामक भाइरसले नेपाल र नेपालीको मूल नै नस्ट गर्ने लागेको बेला कोरोना नामक भाइरसले हाम्रो अस्तित्व नै खत्म गर्ने हो कि आशंका जन्मेको छ । सरकारहरू पुर्णतस असफल, अयोग्य र असक्षम भएको प्रमाणित भएको अवस्था छ । यस्तो कठिन अबस्थामा स्व(विवेक प्रयोग गरि आत्म(समीक आम गर्दै भुल( सुधारका साथ अगाडी बढ्नुपर्ने जिम्मेवारी नेपाली माथी नै छ । बिदेशीले देशको सिमा र राष्ट्रिय धरोहरहरू कब्जा गरेको अबस्थामा पनि प्रभुको सामुने चु पनि गर्न नसकेको निकम्मा ब्यबस्था र सरकार फाल्ने काम अब निश्चित आम नेपालीको नै हो । कोईपनी दुधले नुहाएका छैन्न । कसैलाई भारत प्यारो छ, कसैलाई अमेरिका त कसैलाई चीन तर शाह वंशलाई मात्रै नेपाल प्यारो छ । यो कुरा प्रत्येक नेतालाई पनि थाहै छ । तर चुडैलसंग प्रेम भयो भने परि त्यसको आगाडी केही हैन जस्तो छ । जनताको प्रेमले गणतन्त्र ल्याईएको होईन रहेछ, विदेशी प्रभुहरूको स्वार्थ( सिद्धीका लागि पद, पावर र पैसा कै प्रेममा परि देशमा गणतन्त्र ल्याइएको हो रहेछ ! के गणतन्त्रमा जताततै भ्रष्टाचार ब्याप्त छैन त ? गरिबी र असुरक्षा ? गणतन्त्रले बास्तवमा आम जनतालाइ के नै दियो त ? गणतन्त्रले भ्रष्ट र भ्रष्टाचारलाई संरक्षित गरे । जनतालाई उदास र दुखी बनाए । युवालाई बेरोजगारी र किसानलाई भुमिहिन बनाए । महिलालाई सम्मानको बदलामा हदैसम्मको पीडा र अपमान । पिछडालाइ गोलि हानी चुप गराइयो। यी बेथितिहरू हेरेर वीरहरूका आँखा रसाएका छन। सच्चा क्रान्तिकारीलाई पछुतो छ र आम नेपाली लज्जित छन । अब गणतन्त्रको उच्चतम रूप जनतन्त्र स्थापना गरि देशलाइ समृध बनाइ आधुनिक युगको बिज्ञान र ज्ञानसंग कांधमा कांध मिलाउन आम मुक्तिकामी जनसमुदाय एकजुट भै अगाडि बढनु पर्ने आजको समयको माग हो । बिगत ७० वर्षको लामो राजनीतिक अस्थिरताले देशमा ल्याएको बिकासको लकडाउनलाई अन्त्यगरी विकसित, सभ्य र शिक्षित देश निर्माणको साथै नेपाल र नेपालीको गुमेको पहिचान फिर्ता ल्याउन उच्चतम जनतान्त्रिक शासन ब्यबस्था नै समय सान्दर्भिक र माटो सुहाउँदो हो । देश बचेमात्र हामी बाचछौं। नेपाल रहे मात्र नेपाली रहन्छ ! आउ सबै मिली "राष्ट्र बचाउ अभियान" मा स्वतन्त्र र स्वस्फूर्त रूपले एक्यवद्धता जनाउँ !! जय जनता जय जनतन्त्र !!
(मधेश दर्पण फिचर सेवा)

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारूणयन्त्र ४२००००
इटहरी बारूणयन्त्र ५८०१०१
धरान बारूणयन्त्र ५२०१९९
इनरूवा बारूणयन्त्र ५६०१०१
दमक बारूणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारूणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# उचित मूल्य नपाउँदा किसानको मकै घरमै कुहिएर नष्ट

उषा सरदार

लडडाउनका कारण उत्पादित मकैको उचित मुल्य नपाउँदा किसानको घरमै मकै कुहीएर नष्ट हुन थालको छ। महँगो ब्याजमा ऋण लिएर उत्पादन गरेको मकै घरमै कुहीन थालेपछि मोरङको जहदा गाउँपालिका-६ पोखरीयाका किसान चिन्तित भएका छन् ।



उत्पादित मकैको उचित मुल्य नपाउँदा किसानको लाखौं रुपैयाँ लगानी डुब्ने सम्भावना बढेको छ। उत्पादन गरेको मकै उचित मुल्य नपाएपछि घरमै मकै नष्ट भएको हो। मोरङको जहदा गाउँपालिका वडा नं. ६ पोखरीयामा लगाएको मकै नष्ट हुन थालेको छ मकै कुहिन थालेपछि लागतभन्दा एकदमै कम मूल्यमा मकै विक्री गर्न उनीहरु बाध्य भएका छन् । उत्पादित मकैको मुल्य सरकारले निरधारण नगर्दा लाखौं रुपैयाँ लगानी डुब्ने अवस्था सिर्जना भएको स्थानीय किसान सुर्यानन्द मण्डलले गुनासो पोख्नुभयो । मण्डलले ३ बिघा क्षेत्रफलमा मकै खेती गर्नुभएको थियो। कमै खेती गर्दा विघामा ६५ हजार देखि ८० हजार रुपैयाँसम्म लगानी भएको उहाँले बताउनुभयो। तर, उत्पादित मकैको उचित मुल्य नपाउँदा लगानीसमेत नउठ्ने अवस्था सिर्जना भएको उहाँको भनाइ छ।

कृषक, जहदा गाउँपालिका वडा नं. ६ पोखरीया, मोरङ लकडाउनका कारण नोक्सानी बेहोरेका किसानलाई सरकारले ततकाल उत्पादित मकैको मुल्य बृद्धि गरी व्यवस्थापन गरि दिनुपर्नेमा उहाँले जोड दिनुभयो। त्यसैगरी बिमाको समेत व्यवस्था गर्न माग गर्नुभयो। सरकारले किसानको जीवनस्तर माथि उठाउने कुनै पनि नीति अघि सार्न नसकेको उहाँले गुनासो पोख्नुभयो।

अर्का किसान ज्योतिष विश्वासले बालिको बिमा नहुँदा लकडाउनमा किसानले धेरै क्षति व्यहोर्नुपरेको बताउनुभयो। कृषक, धनपालथान गाउँपालिका वडा नं. १ नोचा, मोरङ यतिबेला प्रतिकलो २० रुपैयाँमा मकै बिक्री गर्नु पर्ने बाध्यता सृजना भएको उहाँको गुनासो छ। यसका लागि सरकारसँग बजार व्यवस्थापन गर्न कृषक विश्वासले माग गर्नुभयो। विश्वासले १ बिघा क्षेत्रफलमा मकै खेती गर्नुभएको थियो। कृषि उत्पादनलाई बजारसम्म निर्वाध रुपमा पुऱ्याउन दिनुको सट्टा सरकारले उल्टै किसानलाई दुःख दिने गरेको उनीहरुको भनाइ छ। किसानलाई मारमा नपार्ने गरि उचित मुल्यको वातावरण मिलाइदिन तीनै तहको सरकारसँग स्थानीय किसान जयनाथ मण्डलले आग्रह गर्नुभयो।

उहाँले स्थानीय साहु र बैंकबाट लिएको ऋण समेत तिर्न नसकिने अवस्था आएको बताउनुभयो। उहाँले ३ बिघामा मकै खेती गर्नुभएको थियो। यहाँ उत्पादित मकै नेपालको विभिन्न स्थान लगायत छिमेकी राष्ट्र भारत लगायतका सहरमा लाने गरिएको थियो। पोखरीयामा मात्रै ३ सय बिघाभन्दा बढी क्षेत्रफलमा मकै खेती गरिएको थियो। लाखौं लगानी खेर जान नदिन किसानले उत्पादन गरेको मकै उचित मुल्यको वातावरण मिलाउने दायित्व सरकारको हो। यसतर्फ सरकारले तत्कालै ध्यान दिनु जरुरी छ।

# विप्लब समूहका पूर्वी कमाण्डर हातहतियार सहित पक्राउ

विराटनगर। नेपाल कम्युनिष्ट पार्टी (विप्लप) समूहका पुर्वी कमाण्डर सन्य इन्चार्ज हातहतियार सहित पक्राउ परेको छ।

सैन्य ईन्चार्ज जिल्ला कालिकोट फेनेली घर भई हाल जिल्ला मोरङ उर्लावारी नगरपालिका वडा नं ३ मंगलबारेको विप्लप कार्यकर्ता नन्दकिशोर भन्ने नन्द बहादुर बोहोरा आफ्नै घरमा लुकीछिपी बसिरहेको अवस्थामा हातहतियार तथा समाग्रीहरु सहित प्रहरीले पक्राउ गरेको छ।

पक्राउ परेको बोहराको घरवाट कटुवा पेस्तोल थान-१, थ्रीनटको गोली राउण्ड ३ थान , सकेट बम १ थान, इलेक्ट्रक डेनोटर १ थान, एनटीसी सिम ७ थान, एनसेल सिम २ थान, मोवाईल १ थान, पर्स १ थान, मोवाइल चार्जर कालो र सेतो २/२ थान, मल्टि कनेकटीङ्ग डाटा केवल १ थान, लिथुनम व्याट्री ४ थान, स्टाम प्याडि १ थान, पेनड्राइभ रातो रंगको १ थान, लगायतका समानहरु बरामद भएको छ।

बोहरा जिल्ला मोरङ पथरी शनिश्चरे नगरपालिका वडा नं १ स्थित पुर्व पश्चिम लोकमार्गको दक्षिण साईट पानीटंकी छेउमा मिति २०७४ चैत ११ सुतली बम राखेको, २०७६ जेष्ठ १३ गते मोरङ जिल्लाको सुन्दरहरैचा नगरपालिका वडा नं ७ ठडिया स्थित दिपशिखा माछा घर अगाडी पाथिभरा टोल पुर्व-पश्चिम राजमार्ग दक्षिण किनारमा भएको बिजुलीको पोल नजिकै प्रेशर कुकर बम राखेको, २०७६ माघ ५ गते जिल्ला मोरङ मिक्लाजुङ्ग गा.पा. वडा नं १ साकेलाथान स्थित किसानचौक टाडी-रमिते आईतबारे सडकखण्डमा निर्माण कार्यमा प्रयोग भएका ३ वटा स्काभेटरमा बम बिस्फोटन गराई आगो लगाई क्षेती पुर्याएको आरोप लागेको थियो।

त्यसैगरी बोहरा २०७६ माघ १० गते मोरङ केरावारी गा.पा. वडा नं १० स्थित केरावारी गाउपालिकाको कार्यालयमा र १२ गते जिल्ला मोरङ केरावारी गा.पा. वडा नं २ स्थितमा रहेको एनसेल टावरमा बम बिस्फोटन गराएको, २०७६ भदौ २३ गते रातीको जिल्ला झापा बिर्तामोड न.पा. वडा नं. २ चारपाने चौक उत्तर पट्टि रहेको साहरा नेपाल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको केन्द्रिय कार्यालय निर्माणधिन भवनको कम्पाउण्ड वाल र गार्ड रुमको बिचमा प्रेशर कुकर बम बिष्फोट गराएको, २०७ भदौ २० गते जि. सुनसरी ईटहरी उ.मन.पा वडा नं. ९ स्थितमा रहेको सुष्मा गोदावरी स्कुलको कम्पाउण्डमा रहेको पर्खालमा अज्ञात मानिसहरुले प्रेसर कुकर बम विष्फोट गराएको, २०७६ भदौ २० गत जिल्ला सुनसरी धरान उप-महानगरपालिका वडा नं. १९ स्थित बि.पि. कोईराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरान, घोपाको कम्पाउण्ड भित्र रहेको दिल्ली पब्लिक स्कुलको गेटमा बम बिष्फोटन गराएको, भोजपुर जिल्ला तथा संखुवासभा जिल्लामा हातहतियार सम्बन्धी बिभिन्न घटनामा समेत संलग्न रहेको प्रहरीले जनाएको छ।

# डूवानमा परेको घर-परिवारहरूको उद्धार

विराटनगर। मनसुनको शुरुवात संगै केही दिन देखि भई रहेको निरन्तर वर्षाको कारण विराटनगर महानग पालिका क्षेत्रिभित्र डुवानमा परेका ९५ घर परिवारलाई उद्धार गरिएको छ।

बिराटनगर महानगर पालिका वडा नं. १६ स्थितमा रहेको दरैया बस्तीमा रहेका ६५ घरमा केशलिया खोलामा आएको बाढी घरमा पसेकोले ती घरपरिवारमा बसेका ३ सय जना मानिसहरुलाइ उद्धार गरीएको छ।

उद्धार गरिएको मानिसहरुलाई विराटनगर महानगर पालिका वडा नं. १६ रानीमा रहेको मिल्स मिल्स माध्यमिक विद्यायलमा राखिएको छ।

त्यसैगरी बिराटनगर महानगर पालिका वडा नं. १२ स्थित बखरी एरियामा रहेका ३० घरमा केशलिया खोलामा आएको बाढीले क्षती भएको हुदा सो घरहरुमा रहेका १५० जना मानिसहरुलाइ उद्धार गरी बखरी प्राथमिक विद्यालयमा राखिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

# निर्वाचन आयोगद्धारा दल दर्ता प्रमाण पत्र प्रदान

विराटनगर। निर्वाचन आयोग द्धारा जनता समाजवादी पार्टी (जसपा) लाई दल दर्ता भएको प्रमाणपत्र प्रदान गरेको छ।

जसपाका नेता शिवजी यादव र केशव झाले दल दर्ता भएको प्रमाणपत्र बुझेका छन्। निर्वाचन आयोगको गत बुधबार बसेको बैठकले जसपा दर्ता गर्ने निर्णय गरेको थियो।

गत वैशाख १० गते समाजवादी पार्टी र राष्ट्रिय जनता पार्टीबीच एकीकरण भई जसपा गठन गर्ने सहमति भएको थियो। एकीकरण घोषणा भएको जसपाले दल दर्ताका लागि जेठ २५ गते आयोगमा आवश्यक कागजात बुझाएको थियो।

राजपा र समाजवादी पार्टी एकीकरण भएपछि अब आयोगमा दर्ता भएका १३१ दल भएका छन्। जसपाको सहमति अनुसार पार्टीको केन्द्रीय कार्यकारिणी समिति अध्यक्षमा महन्थ ठाकुर र उपेन्द्र यादव रहेका छन् ।

पार्टीका वरिष्ठ नेतात्रयमा अशोककुमार राई, डा. बाबुराम भट्टराई र राजेन्द्र महतो रहेका छन्। तल्लो तह सम्म पार्टी एकिकरणको काम अव द्रुतगतिमा हुने स्रोतले वताएको छ।

# चिया पसलवाट लागुऔष बरामद

विराटनगर। मोरङको बिराटनगर महानगरपालिका वडा नं. १५ को राम जानकी चोकमा रहेका २ वटा चिया पसलबाट लागुऔषध बरामद भएको छ।

उक्त चोकमा रहेको मनोकामना झा र सहेदा खातुनको चिया पसलबाट लागुऔषध बरामद गरिएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय मोरङ र ईलाका प्रहरी कार्यालय रानीबाट खटिएको प्रहरी टोलीले मनोकामना झाको चिया पसलबाट लागुऔषध डाइलेक्स डीसी १ बोतल, कोडेइन फोसफेट २ बोतल र नेटराभेट ३० चक्की बरामद गरिएको छ।

त्यसैगरी सहेदा खातुनको चिया पसलबाट डाइलेक्स डीसी ५ बोतल र बिभिन्न किसिमको लागुऔषधका खाली बोतलहरू १२ वटा बरामद गरेको छ।

लागुऔषध बरामद भए संगै दुबै चिया पसलका संचालक र बिराटनगर महानगर पालिका वडा नं. १७ का प्रदिप राईलाई समेत पक्राउ गरी थप अनुसन्धान भईरहेको जिप्रकाले जनाएको छ।





## कर तिरौ, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौ देशको राजश्व बढाऔ ।

स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसायी सञ्चालन गर्नुहोस् ।

लेखा राखौ हिसाबमा भर, हच्चुवामै नतिरौ कर ।

कर्तव्य ठानेर कर तिरौ नव नेपाल निर्माणमा सभागी बनौ ।

सामान किनौ गतिलो ठानेर बिल मागौ अधिकार ठानेर ।

नेपाल सरकार
आन्तरिक राजश्वकार्यालय विराटनगर

क्राईम अपरेशन साप्ताहिक
Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

# बाझो जमिनलाई चिर्दै, स्वरोजगार बन्दै कृषक समूह

हिरालाल साह



बिराटनगर । मोरंगका किसानहरु बाझो जमिनलाई चिर्दै स्वरोजगारतर्फ उन्मुख भइरहेका छन् । बुढीगङ्गा गाउँपालिकाका विश्व पराजुली वडा नम्बर ६ को कोयलपुरमा ३५ विघा जग्गामा आषाढको शुरुआतसंगै समयमै बर्षा भएकोले धान खेती गर्न भ्याइ नभ्याइ ब्यस्त छन् । कोयलपुरमा बाझो रकेको करिब ५५ बिघा मध्ये ३५ बिघामा विभिन्न किसान समुहहरुसंग समूह बनाएर हातेमालो गर्दै धान र तरकारी बाली लगाएका छन् ।

एक जना न्यायाधीशको जाग्गा त्यतिकै बाझो थियो, त्यो जग्गालाइ हामीले लिजमा लिएर पकेट एरिया बनाइ प्रधानमन्त्री कृषी परियोजना बाट अनुदान लिई खेती गरेकोकुरा पराजुली बताउनु हुन्छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट साझेदारीगरी बिश्व पराजुली सहितको किसानहरुको समूहले २ वटा पकेटमा तरकारी र धान खेतीको लागी २० लाख अनुदान सहयोगमा कृषि पेशामा लागेका छन् । अनुदान रकमबाट कृषीमल किन्न, बीउ बिजन किन्न, कृषि औजारहरु स्प्रे, सिचाइको लागि कृषि इलेक्ट्रक मोटर, बोर्डिङ ,प्लास्टिक पाइप, कुटो कोदालो, कृषि सम्बन्धी तालिम आदि सहयोग गरेको कृषक पराजुली को भनाई छ ।

त्यसैगरी बुढिगङगा वडा नं. ४ का रोजगारीका लागि बिदेशिएका पदम कार्की २ बर्ष अगाडि कतारबाट फर्किएपछि ५० लाखको लागतमा अन्डा उत्पादन गर्न कुखुरा पालन, माछा पालन, गाई पालन आदि गर्दै आएका छन् । आफ्नै देशमा स्वरोजगार गरेर आत्मनिर्भर बन्ने आठोटका साथ कार्की निरन्तर लागेको बताए । प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाबाट सिचाइ गर्न रु. १ लाख २० हजार ५० प्रतिशत) अनुदान रकम पाएर बोर्डिङ गडाएको जसमा विश्व पराजुलीले कृषि ज्ञान केन्द्रको बारेमा जानकारी दिदै आएको बताए ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गतको कार्यक्रममा सहभागी भएर मोरङ्गा किसानहरु लाभान्वित भएका छन । सो कार्यक्रम अन्तर्गतको ब्लक र पकेट एरिया बनाएर किसानसंग सहकार्यगरी कृषि सम्बन्धी विभिन्न योजनाहरु देशैभरी संचालित छन् ।

मोरङमा १४ वटा ब्लक र २९ वटा पोकेट संचालित रहेका छन् । एउटा ब्लकमा १ सय ५० बिघा र एउटा पकेटमा १५ बिघा हुन्छ भने प्रत्येक ब्लकमा ३५ लाख र प्रत्येक पकेटमा ८ लाखको दरले अनुदान सहयोग परियोजनाबाट दिने गरेको छ । किसानको ५० प्रतिशत र सरकारले त्यतिको रकम बराबरको ५० प्रतिशत रकम कृषि अनुदान दिएर मोरङ्मा धान, मकै, च्याउ, कागती, तोरी, कफी खेती, प्राङ्गारिक मल बनाउन गडयौला खेती, माहुरी पालन आदि कार्यक्रमहरु संचालित छन् भने सो कार्यक्रमहरु कृषि ज्ञान केन्द्रको प्रत्यक्ष अनुगमनमा भैरहेको ज्ञान केन्द्र मोरङ सम्पर्क कार्यालय बिराटनगरका कृषि अधिकृत राम देव सिंहले बताए ।

कृषि उत्पादन वृद्धि गर्न, बजारीकरण गर्न, ब्यवसायिकिकरण गर्न, यान्त्रिकिकरण गर्न, किसानलाई प्राबिधिक ज्ञान दिन, तालीम दिएर किसानलाई सक्षम बनाएर आत्मनिर्भर बनाउन, र देशको अर्थतन्त्र उठाउने मुख्य उदेश्य रहेको भन्दै अहिले सम्म सुनसरीमा ६० प्रतिशत, मोरङ्गमा ६५ प्रतिशत धान रोपाइँ भैसकेको कृषि ज्ञान केन्द्र सुनसरी मोरङका प्रमुख नुनुलाल उराँवले जानकारी दिए ।

# एन आई सी एशिया बैंकको चमत्कारीक कर्जा योजना

राजेश कुमार राजवंशी




विराटनगर । एन आई सी एशिया बैकले आकर्षक योजनको रुपमा चमत्कारीक घर, सवारी र व्यवसाय कर्जा ग्राहक महानुभाव माझ सार्वजनिक गरेको छ ।

एनआईसी एशिया बैकको प्रदेश नं. १ प्रमुख दिपक थापाले नेपाल पत्रकार महासंका हलमा पत्रकार सम्मेलन गरी चमत्कारीक योजना सार्वजनिक गर्दै योजनाको वारेमा जानकारी गराएको थिए ।

उक्त वैकले 'बैंक पनि, साथी पनि-राम्रो पनि, हाम्रो पनि' मुल नाराका साथ लाखौं ग्राहक मानुभावहरुमा उतरदायी बैन्किङ्ग सेवा दिदै आएको छ । सोलाई निरंतरता दिदै सुपर चमत्कारि कर्जा ग्राहकहरुमा सार्वजनिक गरेको छ ।

चमत्कारीक कर्जामा बैंकले ८.२५ प्रतिशत वार्षिक व्याजदर तथा ०.२५ प्रसासनिक शुल्कमा कर्जा उपलब्ध गराउने भएको छ । सोही व्याजदर एक वर्ष सम्मका लागि परिवर्तन नहुने व्यवस्था गरेको छ । सुपर चमत्कारि घर तथा अपार्मटमेन्ट खरिद, घर निर्माण, जग्गा खरिद कर्जा न्युनतम ५ वर्ष देखि अधिकतम ३० वर्ष सम्म कर्जाको समयावधि कायम गरिएको छ ।

कर्जा रकममा अधिकतम रु १ करोड ५० लाख सम्म कर्जा सिमा कायम गरिएको छ । जस अन्तर्गत अधिकतम रु ५० लाख सम्म ओभर ड्राफ्ट सुविधा समेत व्यवस्था गरिएको छ । घर निर्माण गर्नको लागि ५ वर्ष सम्म कर्जाको व्याज मात्र भुक्तानी गर्न सुविधा रहेको छ । सुपर चमत्कारीक सवारी कर्जा अधिक्तम रु २ करोड कर्जा सिमा कायम गरेको छ ।

कर्जा अवधी अधिक्तम १० वर्षको सम्म र सवारी तथा रियलस्टेट दुबै धितो राखेको खण्डमा अधिक्तम १५ वर्ष सम्म कर्जा अवधि व्यवस्था गरिएको छ । देशको अर्थतन्त्र लाई बलियो टेवा दिइरहेको साना तथा मझौला उद्योग व्यवसाय कोरोना भाइरस महामारी ले प्रभावित हुदै गइरहेको अवस्थामा सुपर चमत्कारि व्यवस्था कर्जा ल्याएको छ ।

यस्तो कर्जा सिमा अधिकतम रु १ करोड निर्धारण गरिएको छ एनआईसी एशिया बैंकको मुलुक भर ३२६ शाखा कार्यलय, ४६४ एटिम, १०१ एक्स्टेसन काउन्टर, ६१ वटा शाखा रहित बैन्किङ सेवा मुलुककै सबै भन्दा ठुलो संजाल भएको बैंक हो । २१ लाख भन्दा बढी सेवाग्राहिहरु लाभान्वित छन ।

आर्थिक वर्ष २०७६/०७७ मा करिब रु ३ अर्ब १५ करोड राजस्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ । दुर्गम जिल्लाहरुमा वितिय संस्था नपुगेको ३४ भन्दा बढी स्थानिय निकायहरुमा शाखा विस्तार गरि सञ्चालन गर्दै आएको छ ।

कर्जा लिने ग्राहक महानुभावले सम्पूण कागजातहरु पुऱ्याएमा ४८ घण्टा भित्र कर्जा स्वीकृत हुने प्रमुख थापाको भनाई छ ।




# अयोध्या र राम बारे ओलीले दिएको अभिव्यक्ति भाजपा द्धारा खण्डन

विराटनगर । नेपालका प्रधानमन्त्री केपी शर्मा आलीले अयोध्या नेपालमा पर्ने र राम नेपाली भएको अभिव्यक्ति दिएपछि भारतका सत्तारुढ दल भारतीय जनता पार्टीद्धारा गर्दै भारतमा चर्को आलोचना भएको छ ।

भारत सरकारको समेत नेतृत्व गरी रहेको राजनीतिक पार्टी भाजपाले नेपालका प्रधानमन्त्री आलीले दिएको अभिव्यक्तिको खण्डन गर्दै निन्दा समेत गरको छ । भाजपाका राष्ट्रि प्रवक्ता विजय शोनकर शास्त्रीले भगवान रामप्रतिको आस्थामा कसैले पनि खेलवाड गर्न नहुने वताएको छ ।

प्रधानमन्त्री ओलीको आलोचना गर्दै शास्त्रीले भनेका छन्, 'भगवान राम हाम्रो र सम्पुर्ण हिन्दु धर्मालम्बीहरुको आस्थाको प्रतीक हुन् । त्यसैले भगवान रामप्रतिको आस्थामाथि कसैलाई पनि खेलवाड गर्न नदिने वताए । चाहे त्यो नेपालको प्रधानमन्त्री होस् वा जो कोही होस् ।'

सोमबार भानुजयन्तीको अवसरमा प्रधानमन्त्री निवास बालुवाटारमा आयोजित एक कार्यक्रममा ओलीले रामको जन्म नेपालको अयोध्यापुरीमा भएको तर भारतले साँस्कृतिक अतिक्रमण गरेको अभिव्यक्ति दिएका थिए ।

ओलीको यस अभिव्यक्तिलाई भारतीय मिडियाहरुले राजनीतिक विवाद उक्साउने उद्देश्य भनेका छन् । भारतीय सन्चारमाध्यम पीटीआईले नेपालका प्रधानमन्त्री ओलीको भनाइ आश्चर्यजनक र स्तब्ध पार्ने खालको भनेको छ ।

# लागुऔषध सहित दुई जना पक्राउ

विराटनगर । बिराटनगर महानगर पालिकाका २ स्थानबाट लागुऔषध सहित २ जना पक्राउ परेका छन् ।

लागुऔषध नियन्त्रण ब्युरो बिराटनगरबाट खटिएको प्रहरी टोलीले बिराटनगर महानगर पालिका वडा नं. ९ का मो. सावाजलाई लागुऔषध डाईलक्स डि.सि.२६ बोतल सहित पक्राउ गरेको छ ।

त्यसैगरी बिराटनगर महानगर पालिका वडा नं. १५ का सचिन कुमार शाहलाई डाईलक्स डि.सी. ६ बोतल र नाईट्राभेट ३० चक्की सहित पक्राउ गरेको छ । प

क्राउ परेका दुबै जनाको सम्बन्धमा थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

# मोवाइल र पावर बैंक चोर पक्राउ

विराटनगर, श्रावण ३ गते । मोरङ विराटनगर महानगरपालिका वडा नं. १३ स्थित सैनिक टोल ममता कुमारी मण्डलको डेरा कोठाबाट मोवाई र पावर वैक चोरी गर्ने दुई जना प्रहरीको फन्दामा परेको छ ।

चोरीमा संलग्न जिल्ला सप्तरी बेलही चपेना गाउँपालिका वडा नं. ३ को संजय मण्डल र सोही ठाउँको ओम कुमार मण्डलले कोठामा राखेको मोवाईल तथा पावर बैंक समेत चोरी गरी लगेकोले खोजतलासको क्रममा श्रावन २ गते पक्राउ गरेको थियो ।

सो चोरीमा संलग्नहरुलाई विराटनगर महानगरपालिका वडा नं. ४ स्थित राजेन्द्र कुमार कार्कीको घरबाट पक्राउ गरी थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

**छोरा छोरी दुवै बरावरी त्यसैले दुवैलाई विद्यालय पठाऔं ।**

**सूचना सूचना सूचना**

सड्क क्षेत्रको दायाँ बायाँ रहेका रुख काट्नु सार्वजनिक अपराध हो । यसरी रुखहरु काटिएको पाईएमा नियम कानून बमोजिम कारवाही हुने व्यहोरा जानकारी गराउँद छौ । सडक हाम्रो सार्वजनिक सम्पति हो, यसका संरक्षण र सम्बर्द्धन गरौ, सडक सफा राखौं र सडक अतिक्रमण हुनबाट जोगाऔं ।

सडक डिभिजन विराटनगर, प्रदेश नं. १

**विराटनगर महानगरपालिको अपिल**

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।
२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।
३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

# भोकले छेक्न सकेन-नेपाल भारतको सिमा क्षेत्रको शिलबन्दी

विराटनगर, श्रावन १ गते । रोगलाई छेक्न सकिन्छ तर भोकलाई छेक्न सकिदैन भन्न चरितार्थ अहिले नेपाल भारतको सिमा क्षेत्रमा प्रसस्तै देख्न पाईन्छ ।

कोरोना भाइरस (कोभिड-१९) को विश्भरी नै चलेको महामारीका कारण नेपालमा पनि चैत ११ गते देखि सिमा नाका शिल गर्दै निरन्तर भई रहेको लकडाउनको कारण सिमाक्षेत्रका वासिन्दा रोग र सिमा शिलवन्दीको धज्जी उडाउँदै सिमानाकामा निर्विवाद रुपमा आवत जावत भई रहेको छ ।

विगत करीब चार महिना देखि नेपाल भारत सिमा नाका सिल भएतापनि रोग भन्दा पनि भोकले गर्दा सिमा क्षेत्रका स्थानीय वासीहरु खासगरी खाद्यान समान खरिद गर्न आवत जावत भइरहेकै छ ।

विराटनगर महानगर पालिका संग जोडिएको रानी, मटियरवा, दरैया, जहदा गाउंपालिकाको तरिगमा, पोखरीया, धनपालथान गाउंपालिकाको नोचा, खैरबना, सोराभाग, रंगेली नगरपालिकाको वौका चोपडहा, सुनवर्सीको सिकटी लगायतको सिमा क्षेत्रको नेपाली वासीन्दा खास गरी खाद्यान्न समान खरीदको लागि लुकीछिपी र केही सुरक्षा कर्मीहरुलाई समेत भनेर भारत प्रवेश गरी खाद्यान खरीद गरी फकिर्ने गरिन्छ ।



अत्यावश्यक सामानहरु खाद्यान्न, तरकारी, फलफूल तथा खुद्रा सामानहरु किनमेल गर्न भारतको सिमा नाका नजिक पर्ने जोगवनी, कुवाडी, सुन्दरी मण्ठ, गरैया, लगायत स्थानमा खरिद गर्न जाने गरेको छ । एक स्थानीयका अनुसार नेपालको बजारमा अत्यावश्यक सामानहरुको मूल्य आकासिएकोले भारत जान वाध्य भएको वताए ।

लकडाउनको कारण आफ्नो पेशाबाट घरायसी खर्च धान्न मुस्किल भएकोले थोरै पैसाले भा।तमा धेरै समान आउँद तर त्यही पैसाले नेपालमा थोरै समान आउने गरेकाले लुकीछिपी तथा सुरक्षकर्मीहरुलाई भनेर भारतको बजार जान बाध्यता भएको स्थानीयको भनाई छ ।

केही साता देखि सिमानाकामा तस्करी समेत बढेको र ती तस्करहरुलाई प्रहरीले समेत पक्राउ गर्न सफल भई रहेकोले तस्करीको समानको प्रहरीले गरेको बरामदको अवस्था हेर्दा कोरोना भाइरसको रोगवाट डराउन छोडेर भोकको जोहो गर्न ज्यानलाई जोखिममा परेर भारत आवत जावतमा वृद्धि भएको स्वयम प्रहरीहरुले नै स्वीकार गरेको छ ।

ईलाका प्रहरी रानी अन्तर्गत पर्ने मटिअर्वाका प्रहरीहरु पनि स्थानीयवासीको आवत-जावतको कारण हैरान भएका छन । दैनिकी भान्सा चुलोको सामान रोक्दा स्थानीय वासीहरुको गुनासोलाई थेग्न गार्हो भएको तर भारतको जोगवनीतिर पनि केहि दिनयता पुर्णरुपमा लकडाउन भएकोले स्थानीयहरुको आवत-जावत धेरै मात्रामा कम भएको साथै खुला सिमानाको कारण जुनसुकै ठाउंवाट भारत प्रवेश गर्न सक्ने भएकोले रोक्न प्रहरीलाई हम्मेहम्मे भएको एक प्रहरीले वताए । सिमा क्षेत्रमा गस्ती गर्न सुरक्षा निकायमा जनशक्ति पर्याप्त नभएको, स्थानीय स्तरमा चेतनाको अभाव भएकोले पुर्ण रुपमा सिमानाकामा कडाइ गर्न नसकेको सुरक्षा निकाय स्वयम स्वीकार गर्दछन् ।

# मोबाईल र गरगहना चोरी गर्ने प्रहरीको फन्दामा

विराटनगर, श्रावण ३ गते । उर्लाबारी नगरपालिका वडा नं. ३ मंगलबारेटोल बस्ने अम्बिका प्रसाद रिजालको घरकोठाबाट मोवायल र गरगहना चोरी गर्ने दुई चोरलाई प्रहरील पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार रिजालको घरवाट मोवाईल, सुन तथा चाँदीका गरगहना, काँसे थाल तथा लत्ता कपडाहरु समेत चोरी भएको थियो ।

चारीको सूचना प्राप्त भएपछि ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको अनुसन्धान टोली घटनास्थलमा खटि गई घटनास्थल मुचुल्का गर्ने कार्य सम्पन्न गरी चोरी गर्ने मानिसहरुलाई खोज तलास गर्न थालका थिए ।

सोही क्रममा चोरी गर्ने मानिसहरु मोरङ उर्लाबारी नगरपालिका वडा नं. ३ सालबारी को सुनिल उराउलाइ श्रावण १ गते पक्राउ गरिएको थियो । पक्राउ गरी घरकोठा खान तलासी गर्दा चोरी भएका सामानहरु मध्ये इएएइ मोवायल थान १, सेमसुग मोबायल थान १, चाँदीको पाउजु १ जोर फेला पारि बरामद गरीएको थियो ।

उक्त चोरी कार्यमा सुनिल उराउको बाबु मुगु उराउ समेतको संलग्नता रहेको खुल्न आएको हुँदा मुगु उराउ समेतलाई सोही दिन पक्राउ गरी पक्राउ गरी थप अनुसन्धान भई रहेको छ ।

साथै सोही घटनामा उर्लावारी नगरपालिका वडा नं. ३ सनिबारे हटिया लाईन को वाँया चौधरी समेत संलग्न रहेको खुल्न आएकोले चौधरीको खोजतलास भईरहेको प्रहरीले जनाएको छ ।

# लुटपाटमा संलग्न चार जान प्रहरीद्धारा पक्राउ

विराटनगर । एक व्यक्ति स्कुटीमा जाँदै गरेको अवस्थामा लुटपाटगरी फरार भएको चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार विर ाटनगर महानगर पालिका वडा नं. २ का दिपेन्द्र विश्वास आफ्नो साथीसंग स्कुटप्मा जाँदै गर्दा मुखमा रुमाल वाँधी पहिचान लुकाई मोवायल रियल मी, ओपाकालो र ंगको, भएको मोवायल थान-१, उक्त मोवायलमा प्रयोग भएको सिमकार्ड थान-२ र नगद रू.१ हजार ५ सय समेत लुटपाट गरी खोसेर फरार भएको थिए ।

फरार भएकाहरु विराटनगर महानगर पालिका वडा नं. ५ का राकेश सतार, अजय सतार, अनिल उराँउ, सुरज उराँउ लाई सोही ठाउँको चौवाटोवाट पक्राउ गरी थप अनुसन्धान भई रहेको प्रहरीले जनाएको छ ।

# समानता, अधिकार र पहिचानको लागि नागरिकता बहस

हिरालाल साह

बहस अंगीकृत नागरिकताको हो तर विदेशी नागरिकलाई नेपालीसरह अधिकार दिने बहस भने होइन । भारतीय नागरिकलाई सर्वोच्च पदमा पुऱ्याउने बहस पनि होइन । बहस हो, समानता, अधिकार र पहिचानको । नागरिक नागरिकबीच संवैधानिक ढंगले कोरिएको असमानताको बहस हो ।

यो लडाइँ हो विभेद विरुद्धको । पहिलो र दोस्रो दर्जाका नागरिकबीचको लडाइँ हो । संघर्ष हो आधा हिस्सेदारीको । यो आन्दोलन हो राज्यको विभेदकारी नीति विरुद्धको । फरक यत्ति हो, कोही राज्यको मतियार बनेर उभिएको छ भने कोही राज्य विरुद्ध खडा छ । नागरिकमा पुरुष र महिलाले नागरिकता पाउँदा १५ बर्ष र ७ बर्षको । हाम्रो चासो, चिन्ता र सरोकार हो वैवाहिक नागरिकता सँग । मधेस प्रष्ट छ, 'ज्वाइँ राजनीति र बुहारीसँग विभेद दुबै बन्द होस् ।' माग हो नेपाली पुरुषले विवाह गरेकी विदेशी महिलाले वैवाहिक आधारमा नागरिकता पाउनु पर्छ, न कि अंगीकृत । कानूनीरुपले विवाह गरेर घरमा आएकी महिला परिवारको वंश हो । उसको थर फेरिन्छ । पुरुषको उपनाम महिलाको थर बन्छ । उसको पुरानो पहिचान मेटिन्छ । नयाँ पहिचान कायम हुन्छ । ऊ नेपालको नागरिक हुन्छ । परिवारको वंश भएकाले वैवाहिक वंशजको नागरिकता पाउनु उसको अधिकार हो । त्यसकारण, वैवाहिक अंगीकृतको ठाउँमा वैवाहिक वंशज कायम गरिनु पर्छ ।

मुलुकभित्र जति पुरुषको अधिकार छ, त्यत्ति नै महिलाको छ । पुरुषले पाएको अधिकारजस्तै महिलाले पनि समान ढंगले अधिकारको उपभोग गर्न पाउनुपर्छ । तर, यो देशको संविधानले बुबा, आमा र बुहारीमाथि विभेद गरेको छ ।

संवैधानिक पदमा पुग्न पुरुषलाई एकदिन पनि कुर्न नपर्ने । तर, विदेशी भूमिबाट आएकी आमा वा बुहारी आजीवन त्यो पदमा पुग्न सक्दैनन् । नयाँ संविधानले नै उनीहरुलाई रोक लगाएको छ । आमा र बुहारीमाथि लादिएको कानूनी विभेद हाम्रो मुद्दा हो । यस्ता विभेद विरुद्ध मधेस संघर्षरत छ । यसका लागि मधेशमा सयौंले ज्यानको आहुति दिइसकेका छन् ।

आमा र बुहारीलाई समान अधिकार दिलाउने लडाइँ मधेस मात्रको होइन । यो लडाइँ पहाडी समुदायको पनि हो । आदिवासी जनजाति, थारु, खस, मुश्लिमको पनि यो साझा संघर्ष हो ।, अंगीकृतको विरोध गर्दै सडकमा नाङ्गो नाच गरिरहेका पहाडे समुदायको घरमा पनि विदेशी भूमिबाट आएकी आमा, बुहारी र श्रीमती छन् । यो उनीहरुको पनि अधिकारको लडाइँ हो । मधेसले उठाएको वैवाहिक नागरिकताको विरोध गर्नु भनेको तपाईहरु आफ्नै आमा र बुहारीको अधिकार खोस्दै हुनुहुन्छ ।

अन्तरिम संविधानमा दिइएको अधिकार पनि नयाँ संविधानमा खोसिएको छ । जस्तै, अन्तरिम संविधान ०६३ मा धारा ८ को उपधारा (६) मा भनिएको छ,( 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा प्रचलित कानुन बमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्नेछ। तर नयाँ संविधानमा धारा ११ को उपधारा (६) मा प्रष्ट रुपले उल्लेख छ,( 'नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा संघीय कानूनबमोजिम नेपालको अंगीकृत नागरिकता लिन सक्नेछ ।' अन्तरिम संविधानमा प्रचलित कानूनले नागरिकता दिने प्रावधान छ । तर, नयाँ संविधानमा त्यसलाई हटाएर संघीय कानूनले दिने भनिएको छ । यहाँनेर संविधान विभेदकारी छ, प्रतिगामी छ ।

अन्तरिम संविधानको धारा १५५ को उपधारा (२) मा लेखिएको छ,( 'यस संविधान बमोजिम नियुक्त हुने संवैधानिक पदहरूमा वंशज वा जन्मका नाताले नेपालको नागरिक भएको व्यक्ति वा अङ्गीकृत नागरिकता प्राप्त गरी कम्तिमा दस वर्ष नेपालमा बसोवास गरेको व्यक्ति मात्र नियुक्तिका लागि योग्य मानिनेछ ।' तर, नयाँ संविधानमा एक कदमपछि हट्दै यो प्रावधान हटाइएको छ ।

संविधानको धारा २८९ को उपधारा (१) मा भनिएको छ, 'राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधान न्यायाधीश, प्रतिनिधि सभाका सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रदेश प्रमुख, मुख्यमन्त्री, प्रदेश सभाको सभामुख र सुरक्षा निकायका प्रमुखको पदमा निर्वाचित, मनोनित वा नियुक्ति हुन वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको हुनु पर्नेछ ।'

अन्तरिम संविधानमा अंगीकृत लाई दश वर्षका लागि बन्धेज लगाइएको छ । तर, नयाँ संविधानमा अंगीकृतलाई संवैधानिक पदमा पुग्न पूर्णतः प्रतिबन्ध गरिएको छ ।विभेदको क्रम यही रोकिएको छैन । २८९ को उपधारा (२) मा संवैधानिक निकायको प्रमुख बाहेकको पदमा पुग्न पनि अंगीकृत नागरिकले कम्तीमा पनि दश वर्ष कुर्नु पर्छ, र वैवाहिक अंगीकृतले पाँच बर्ष ।

नेपालको भारतसँग रोटी-बेटीको सम्बन्ध रहेको र सोही कारणले सीमानामा बस्ने नेपालीहरुले भारतीयसँग वैवाहिक सम्बन्ध गाँस्ने गरेकाले ७ वर्षे प्रावधानले नेपाली बुहारीलाई ७ वर्षसम्म राज्यबिहीन बनाउँदै आर्थिक, राजनीतिक, साँस्कृतिक शोषण तथा मानसिक प्रताडना दिने देखिएको उल्लेख गरेका छन् ।वर्तमान संविधानमा राष्ट्रपति, प्रधानमन्त्री लगायत राज्यको १० प्रमुख पदाधिकारीको पदमा अंगिकृत नागरिकको निर्वाचन, मनोनयन वा नियुक्ति हुन नसक्ने प्रावधान हुँदाहुँदै नागरिकता ऐनमा ७ वर्षे प्रावधान राख्नुको औचित्य छैन ।

नेपाली पुरुषसँग विवाह गरेर आउने विदेशी महिलालाई लगातार ७ वर्ष नेपालमा बसेपछि मात्रै

वांकी अन्तिम पेजमा...

# गाउँ पालिका अध्यक्ष रोहीतलाई कुटपिट गर्ने ठकुरी पक्राउ

विराटनगर । मोरङको केरावारी गाउँपालिकाका अध्यक्ष रोहित कार्कीलाई कुटपिट गर्ने एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

आज गाउँपालिकाको कार्यालयमा ठेक्का पट्टाको बिषयलाई लिएर अध्यक्षलाई कुटपिट गर्ने केरावारी गाउँपालिका वडा नं. १० का ३२ बर्षीय भवन ठकुरीलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

ठकुरीको साथबाट १ थान चक्कु र १ थान खुकुरी समेत बरामद भएको छ । कुटपिटबाट घाईते भएका अध्यक्ष कार्कीको नोवेल अस्पताल बिराटनगरमा उपचार भईरहेको तथा घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ ।

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएका कोरोना भाइरस (covid-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरि दिनुहुन आह्वान गरिएको व्यहोरा संम्बन्धीत सबैको जानकारीका लागि अनुरोध छ ।

बैकको नाम : राष्ट्रिय बाणिज्य बैक
शाखा : सिंहदरवार परिसर
खाताको नाम : कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण्ढा तथा उपचार कोष
खाता नं. : १९६००००११०१

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रसारण विभाग